# जनप्रतिनिधि तथा कर्मचारी स्वास्थ्य उपचार कल्याणकोष सञ्चालन ऐन,२०७५

## कनकाई नगरपालिका

### कनकाई नगरपालिकामा कार्यरत जनप्रतिनिधि एंवम कर्मचारीहरूको स्वास्थ्य उपचार कोष सञ्चालन गर्न बनेको ऐन

प्रस्तावना:कनकाई नगरपालिकामा कार्यरत जनप्रतिनिधि एवम कर्मचारीहरूको अकास्मात कुनै प्रकारका दुर्घटना वा असामान्य रोग लागेमा आर्थिक सहयोग गर्ने अभिप्रायले कनकाई नगरपालिका अन्तर्गत एउटा स्वास्थ्य उपचार कल्याण कोष सञ्चालन ऐन तयार गरी लागू गरीएको छ।

(१)संक्षिप्त नाम र प्रारम्भः (क) यस ऐनको नाम स्वास्थ्य उपचार कल्याण कोष सञ्चालन ऐन,२०७५ रहेको छ।

(ख) यो ऐन कनकाई नगर कार्यपालिकाको बैठकले पारित गरेको मितिदेखि लागू हुने छ।

(२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) ऐन भन्नाले स्वास्थ्य उपचार कल्याणकोष सञ्चालन ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ख) कर्मचारी भन्नाले कनकाई नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीलाई सम्झनु पर्छ।

(ग) जनप्रतिनिधि भन्नाले कनकाई नगरपालिकामा निर्वाचित वहालवाला जनप्रतिनिधिलाई सम्झनु पर्छ।

(३) कार्य समितिको गठनः यस कल्याण कोषको सञ्चालन एवम् व्यवस्थापनका लागि पाँच सदस्यीय एक कार्य समिति रहने छ।

(क) कनकाई नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको जनप्रतिनिधि मध्ये २जना -सदस्य

(ग) नगरपालिकाका कर्मचारीहरूमध्ये वाट कर्मचारीहरूको बैठकले तोकेको १ जना -सदस्य

(घ) स्वास्थ्य शाखाको प्रमुख -सदस्य सचिव

(४) संरक्षकः कोषको संरक्षकमा यस कनकाई नगरपालिकाका नगर प्रमुख रहने छन ।

(५) सल्लाहाकारः कार्य समितिलाई आवश्यक सल्लाह सुझाव दिन एक सल्लाहाकार समिति रहने छ ।

(क) नगर उपप्रमुख

(ख) प्रमुख प्रशासकीय अधिकृत

(६)कार्य समितिको बैठकः कार्य समितिको बैठक आवश्यकता अनुसार बस्ने छ।

(७)कार्यकालः कार्य समितिको कार्यकाल २ वर्ष रहने छ।

(८)साधारण सदस्यःकनकाई नगरपालिकाका निर्वाचित पदाधिकारी एंव कार्यरत सम्पूर्णकर्मचारीहरू यसका साधारण सदस्य रहने छन ।

(९) सदस्यता प्राप्तःयस कोषको साधारण सदस्यता प्राप्त देहाय बमोजिम हुने छ।

(क) निर्वाचित जनप्रतिनिधि एवं कार्यरत कर्मचारीहरू स्वतः यस कोषको साधारण सदस्य रहने छन।

(१०) सदस्यताको समाप्तिः यस कोषको सदस्यताको समाप्ति देहाय बमोजिम हुने छ।

(क) निर्वाचित जनप्रतिनिधिहरूको कार्यकाल समाप्त भएमा।

(ख) कर्मचारिको हकमा यस नगरपालिकामा कार्यरत नरहेमा ।

(ग)निजको मृत्यु भएमा।

(११) कोषको आर्थिक स्रोतः कोषको आर्थिक स्रोत देहाय बमोजिम हुने छ।

(क) कोषको स्थापनाको लागि नगरपालिका वाट रू. ५लाख (अक्षेरूपी रू. पाँच लाख)रकम पहिलो पटक प्राप्त हुने छ ।

(ख) नगरपालिकाले कोषको आवश्यकता र अवस्था हेरी थप रकम जम्मा गर्दै जान सक्ने छ।

(१२) कोषको खाता सञ्चालनःयस कोषको खाता सञ्चालन देहाय बमोजिम हुने छ।

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा हेर्ने अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ।

(१३) कोषको सञ्चालनः यस कोषको परिचालन निम्नानुसार हुने छ।

(क) मुटु रोग,क्यान्सर,मृगौला सम्बन्धी रोग,पक्षघात,जस्ता गम्भीर प्रकृतिको रोग लागेर बिरामी भएको वा दुर्घटनामा परी गम्भीर घाइते भई अशक्त भएको अवस्थामा कोषको रकम बाट सहयोग गरिने छ । तर यस्तो सहयोग प्रदान गर्दा नेपाल सरकारवाट स्वस्थ्य विमा सुविधा तथा निःशुल्क उपचार गर्ने व्यवस्था भएकोमा त्यस्तो विरामी र एक जना कुरुवा लाई स्वस्थ्य संस्थामा जान आउनका लागि वर्षमा एक पटक सम्म आतेजाते वापतको रकम भुक्तानी गरिनेछ।

(ख) कोषको रकम माग गर्ने सदस्य आफैं वा आफ्ना नजिकको आफन्त मार्फत आफ्नो डाक्टरको जाँचको प्रतिवेदन(मेडिकल रिपोर्ट) सहितक कल्याणकोष सञ्चालक समिति समक्ष निवेदन दिनु पर्ने छ ।

(ग) कल्यणकोष सञ्चालन समितिले प्राप्त निवेदन उपर छानविन गरी  औचित्य हेरी कार्यपालिकामा सिफारिस गर्नु पर्ने छ ।

(घ) सिफारिसका आधारमा  कार्यपालिकाको बैठक बाट निवेदकको रोगको अवस्था, दुर्घटनाको अवस्था र निजको आर्थिक अवस्था समेत हेरेर उचित निर्णय गर्नु पर्ने  छ ।

(ङ) निवेदकको रोगको वा दुर्घटनाको अवस्था हेरेर सहयोग रकम सामान्यतया यस प्रकार हुनेछ ।

(i) सहयोग रकम सदस्यहरू लाई  मात्र उपलब्ध हुने छ ।

(ii)रु. ५० हजारदेखि रू. १ लाख सम्म को लागतमा कूल लागतको ५०%

(iii) रू. १ लाखदेखि माथि रू२ लाख सम्मको लागतमा कूल लागतको ४०%

(iv) रू. २ लाखदेखि माथि रू३लाख सम्मको लागतमा कूल लागतको ३०%

(v) रू. ३ लाखदेखि माथि रू४लाख सम्मको लागतमा कूल लागतको २०%

(iv) रू. ४ लाखदेखि माथि रू५ लाख सम्मको लागतमा कूल लागतको १०%

(च) माथि उल्लेखतिव आवस्था वाहेक कुनै पनिकुनै पनि जनप्रतिनिधि कर्मचारीको मृत्यु भएमा एकमुष्ट ६० हजार रुपया सहयोग गरिनेछ।

माथि उल्लेखित दफा (ङ) मा जे भनिएता पनि माथिको सहयोग रकमको हिसाब गर्दा प्रत्येक नम्वर को  बेग्लावेग्लै हिसाव निकाली जोड गरिने  छ।जति पटक भएपनि  एक कार्यकाल अवधिभर वढीमा रू. १लाख ५० हजार सम्म मात्र सुविधा उपलब्ध गराइने  छ।

(१४) बाधा अड्काउ फुकाउ अधिकारः यस ऐनमा व्यवस्था भएको विषय नेपालको संविधान र प्रचलित कानुन संग बाझिएमा, बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।